जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ६५ २०७८ साल असोज १५ गते शुक्रबार (1 Oct. 2021 Friday) मूल्य रु. ५/-

**वर्षातको समयमा आईपर्ने सम्भावित विपद् बाट बचौं र बचाऔं ।**

- बाढी, पहिरो, र डुवानको जोखिम भएका बस्तीहरुको अवस्थितिबारे जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई जानकारी गराऔं।
- विपद् जुनसुकै बेलापनि आईपर्न सक्छ, त्यसैले पूर्व तयारी र प्रतिकार्य तयारी अवस्थामा राखौं ।
- प्रत्येक टोल बस्तीहरुमा उद्धार टोली गठन गरी आवश्यक तालिमको व्यवस्था गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*Log on : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : प्राधिकरणको नयाँ महसुलप्रति.. ३ पृष्ठमा : 'सङ्घीयताको मूल्याङ्कन.. ३ पृष्ठमा : कारागारमा कैदीहरुबीच ...

# लोसपाको सबै पदबाट लेखीले दिए राजिनामा





आदरनिय अध्यक्षज्यू
लोकतान्त्रिक समाजवादी पार्टी नेपाल
केन्द्रीय कार्यकारिणी समिति
बबरमहल, काठमाडौं ।

बिषय : राजिनामा बारे ।

म यस पार्टीको केन्द्रीय कार्यकारिणी समिती सदस्य रहिरहेकोमा अब नयाँ राजनीतिक यात्राको थालनी गर्ने निर्णय गरेको हुदाँ यस पार्टीको सबै पदबाट राजीनामा गर्दछु ।

धन्यवाद ।

राजकुमार लेखी
केन्द्रीय कार्यकारिणी समिती सदस्य
२०७८ असोज१४ गते

**दैनिक समाचारदाता राजविराज, १४ असोज ।** लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का केन्द्रिय कार्यकारिणी समिति सदस्य राजकुमार लेखीले बिहीबार पार्टी परित्यागको घोषणा गरेका छन् ।

नेता लेखीले सामाजिक संजालमार्फत पार्टी परित्याग घोषणाको पत्र सार्वजनिक गरेका हुन् । सार्वजनिक गरिएको पत्रमा लेखीले पार्टीको सबै जिम्मेवारीबाट राजिनामा गरि पार्टी परित्याग गरेको घोषणा गरेका छन् ।

उनको "पार्टीको केन्द्रिय कार्यकारिणी समिति सदस्य रहिरहेकोमा अब नयाँ राजनैतिक यात्राको थालनी गर्ने निर्णय गरेको हुँदा पार्टीको सबै पदबाट राजिनामा गर्दछु" पत्रमा उल्लेख गरेका छन् ।

एमाले पृष्ठभूमिका लेखीले २०६८ सालमा एमाले छाडी आफुनो अध्यक्षतामा नेपाल नागरिक पार्टी गठन गरेका थिए । नेता लेखीले तत्कालिन राजेन्द्र महतोको सद्भावाना पार्टीसंग एकता गरेका थिए । पछि उनी राजपा हुँदै जसपाको केन्द्रिय कार्यकारिणी समिति सदस्य तथा श्रम तथा रोजगार बिभाग प्रमुख भए ।

२०७४ सालको प्रदेशसभा निर्वाचनमा उनी सप्तरी क्षेत्र नं. १ को क बाट तत्कालिन राजपाबाट उम्मेदवार बनेका थिए । थारु समुदायको छाता संगठन थारु कल्याणकारिणी सभा (थाकस) को महामन्त्री तथा नेपाल आदिवासी जनजाति महासंघको अध्यक्ष भएको लेखीले बेला थरुहट आन्दोलन तथा समग्रमा आदिवासी जनजातिको आन्दोलनको अगुवाइ गरेका थिए ।

# पत्रकार दत्तलाई मातृशोक



**दैनिक समाचारदाता राजविराज, १४ असोज ।** नेपाल पत्रकार महासंघ शाखा सप्तरीका सदस्य सतिश दत्तलाई मातृशोक परेको छ ।

मिथिला साप्ताहिक पत्रिकाका कार्यकारी सम्पादक तथा मैथिली साहित्य परिषद् सप्तरीका अध्यक्ष समेत रहेका पत्रकार दत्तकी माता शशीकला दत्तको ७५ वर्षको उमेरमा उपचारका क्रममा बुधबार साँझ निधन भएको हो ।

बिपि कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान धरानमा उपचारकाका क्रममा बुधबार साँझ ७ बजे निधन भएको परिवारजनले जानकारी दिएका छन् ।

राजबिराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा उपचारका लागि भर्ना गरिएपनि अवस्था झन जटिल भएपछि थप उपचारका लागि उनलाई धरान लगिएको थियो ।

यसैबीच नेपाल पत्रकार महासंघ सप्तरी शाखाका सचिव रामनारायण विश्वासले बिहीबार एक शोक वक्तव्य जारि गर्दै शाखा सदस्य दत्तलाई परेको मातृशोकप्रति शाखा मर्माहत भएको जनाइएको छ ।

जारि शोक वक्तव्यमा मृतआत्माको बैकुण्ठ बासको इश्वरसँग कामना गर्दै यस दु:खद् घडीमा शोकाकुल परिवारजनमा धैर्यधारणको कामना गरिएको छ ।

# सर्वदलीय बैठक सम्पन्न

काठमाडौँ, १४ असोज (रासस) । प्रधानमन्त्री शेरबहादुर देउवाले सङ्घीय संसद्को गतिरोध अन्त्यका लागि बोलाउनुभएको सर्वदलीय बैठकले संसद् बैठक निर्वाध र मर्यादितरूपमा अगाडि बढाउन प्रमुख प्रतिपक्षी नेकपा (एमाले) र सो दलका नेता केपी शर्मा ओलीलाई महत्वपूर्ण भूमिका खेल्न आग्रह गरेको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकमा प्रमुख प्रतिपक्षी नेकपा (एमाले)बाहेक सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने सबै दलका शीर्षनेता सहभागी रहनुभएको थियो ।

प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले सभामुखको केही कार्यप्रति असन्तुष्टि जनाउँदै चालु अधिवेशनको सुरुदेखि नै संसद् बैठक अवरुद्ध गर्दै आएपछि यस गतिरोधको अन्त्यका लागि प्रधानमन्त्रीले अगुवाइ गर्न राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले गर्नुभएको आग्रहका आधारमा प्रधानमन्त्रीले बिहीबारको बैठक आह्वान गर्नुभएको हो ।

बैठकमा प्रमुख प्रतिपक्षी दल एमाले नै अनुपस्थित हुनुले सो दल संवाद र वार्ताबाट पन्छिन खोजेको हो कि भन्ने आशङ्का जन्माएको बैठकपछि नेपाल सरकारका प्रवक्ता एवं कानुन, न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सञ्चारकर्मीलाई बताउनुभयो । बैठकमा प्रधानमन्त्री देउवाले एमाले अध्यक्ष ओलीलाई वार्ता, संवाद र सहमतिका लागि पहल गर्न आग्रह गर्नुभएको मन्त्री कार्कीले जानकारी दिनुभयो ।

प्रतिनिधिसभामा ३० र राष्ट्रिसभामा २७ वटा विधेयक विचाराधीन रहेको अवस्थामा संसद् अवरुद्ध गर्नु उपयुक्त नरहेको बताउँदै प्रवक्ता कार्कीले जनतासँग प्रत्यक्ष सरोकार राख्ने यस्ता विषयलाई निकास दिन संसद्को बैठक अवरुद्ध नगर्न आग्रह गर्नुभयो ।

बैठकमा कांग्रेसका तर्फबाट प्रधानमन्त्री एवं पार्टी सभापति देउवा, मन्त्री ज्ञानेन्द्रबहादुर कार्की, नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेता नारायणकाजी श्रेष्ठ, नेकपा (एकीकृत समाजवादी)का महासचिव बेदुराम भुसाल र नेता राजेन्द्र पाण्डे, लोकतान्त्रिक समाजवादी पार्टी नेपालका महन्थ ठाकुर र राजेन्द्र महतो, जनता समाजवादी पार्टी नेपालका नेता राजेन्द्र श्रेष्ठ र नेता महेन्द्र राय यादव, नेपाल मजदुर किसान पार्टीका नेता प्रेम सुवाल, राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेलगायतका नेताहरू सहभागी रहनुभएको प्रधानमन्त्रीका संसदीय दलका निजी सचिव केशवराज जोशीले जानकारी दिनुभयो ।



## सम्पादकीय

# शैक्षिक तथा स्वास्थ्य संस्थामाथी निगरानी आवश्यक

सरकारले सबैभन्दा बढी शिक्षा तथा स्वास्थ्य क्षेत्रमा लगानी गर्ने गरेको छ । शिक्षण संस्थामाथी लगानी गर्ने उद्देश्य दक्ष जनशक्ति उत्पादन गर्नु हो भने मानिसको स्वास्थ्य सबैभन्दा बढी संवेदनशिल हो । यही कारणले सरकारले दुबै क्षेत्रमा सबै भन्दा बढी लगानी गर्ने गरेको छ । तर, प्रतिफल भने आशलाग्दो छैन् । अहिले सप्तरीको अधिकांश स्वास्थ्य संस्थाहरु लथालिंग अवस्थामा छन् । स्थानिय निकायको मातहतमा आएपछि स्वास्थ्य संस्थाहरु लथालिंग भएको हो । कतिपय स्वास्थ्य संस्थामा कर्मचारीको अभावका साथै कर्मचारी भएपनि काम भने शुन्य रहेको छ । स्वास्थ्य संस्थामा सरकारले उपलब्ध गराएको निशुल्क औषधी बितरण अत्यन्त न्यून मात्रामा हुने गरेको छ । जसबाट सरकारी सेवासुविधा पाउन जनता बञ्चित हुने गरेका छन् ।

कर्मचारीहरु समयमा नआउनु तथा बिरामीहरुको उपचारमा हेलचक्राई हुने गरेको छ । बिहान १० बजे कार्यालय खुल्नु पर्नेमा १२ बजेसम्म पनि खुल्दैनन् । यदी खुलेमा स्वास्थ्यकर्मीहरु १२ बजेपछि आउने परम्परा बसेको छ । यस्तै अवस्था सरकारी शिक्षण संस्थाको पनि रहेको छ । समयमा शिक्षकहरु नआउने, विद्यार्थीको संख्या न्यून तथा पूरा समय पढाई नहुने । सरकारी विद्यालयका शिक्षकहरु अन्य काममा लाग्ने तथा विद्यार्थीहरुको पढाई उचित ढंगले नहुने कारणले सरकारी शिक्षा प्रभावकारी हुन सकेको छैन् ।

तसर्थ सम्बन्धीत निकायले शिक्षा तथा स्वास्थ्य जस्तो संवेदनशिल क्षेत्रमा दवाबकारी निगरानी बढाउनु अति आवश्यकता छ भने सेवाग्राहीहरुलाई सजिलै आवश्यक औषधि तथा चेकजाँच गर्नेतर्फ समयमै राज्य तथा सम्बन्धित निकायको ध्यान जानुपर्ने उत्तिकै आवश्यक छ । त्यस्तै सरकारी शिक्षकहरुमाथी स्थानिय सरकारले समन्वय गरि पढाईप्रति गम्भिर गराउन पहल थाल्नु आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्राधिकरणको नयाँ महसुलप्रति मिश्रित प्रतिक्रिया

काठमाडौँ, १४ असोज (रासस) ।

नेपाल विद्युत् प्राधिकरणले प्रस्ताव गरेको नयाँ विद्युत् महसुलप्रति मिश्रित प्रतिक्रिया प्राप्त भएको छ । विद्युत् नियमन आयोगले बिहीबार आयोजना गरेको सार्वजनिक सुनुवाइमा सहभागी सर्वसधारण, उद्योगी व्यवसायी तथा विभिन्न सङ्घ संस्थाका प्रतिनिधिले प्राधिकरणले प्रस्ताव गरेको २० युनिटसम्म खपत गर्ने ग्राहकलाई छुट दिने विषय जायज भएको बताए ।

उनीहरूले डिमाण्ड शुल्कमा भएको वृद्धि भने आफूहरूका लागि मान्य नभएको बताए । केही उपभोक्ता अधिकारकर्मीले गार्हस्थ्य उपभोक्तलाई प्राधिकरणले अझै पनि हेर्न नसकेको गुनासो गरे । प्राधिकरणले प्रस्ताव गरेको नयाँ महसुलमा पाँच एम्पियर बराबरको क्षमतामा २० युनिट बिजुली प्रयोग गर्नेलाई इनर्जी शुल्क नलाग्ने भए पनि सेवा शुल्क तिर्नुपर्नेमा आपत्ति जनाए । सुनुवाइमा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले रातको समयमा खेर जाने बिजुलीको अधिकतम उपभोग गर्न उद्योगी तथा व्यवसायीलाई अनुरोध गर्नुभयो ।

उहाँले उद्योगीले मागे जति बिजुली दिन प्राधिकरण तयार रहेको भन्दै बिजुली पाइएन भनेर गुनासो नगर्न आग्रह गर्नुभयो । रातको समयमा प्रयोग गरिने बिजुलीको महसुलसमेत कम हुने र कम बिजुली प्रयोग भएको अवस्थामा मात्रै डिमाण्ड शुल्क बढीपर्ने भएकाले बढीभन्दा बढी बिजुली खपत होओस् भन्ने ध्येयले मात्रै सात प्रतिशत मात्रै बढाइएको कार्यकारी निर्देशक घिसिङले उल्लेख गर्नुभयो ।

प्राधिकरणले २२० केभी र ४०० केभी क्षमताको प्रसारण लाइनसमेत निर्माण गरिरहेको जानकारी दिँदै उहाँले औद्योगिक ग्राहकलाई अब १३२ केभी क्षमताका प्रसारण लाइनमार्फत पनि बिजुली उपलब्ध गराउन सकिने बताउनुभयो ।

वीरगन्ज, भैरहवा र नवलपरासीलगायत औद्योगिक करिडोरमा ठूला क्षमताका प्रसारण लाइनबाट बिजुली उपलब्ध गराउन सकिने र वितरण प्रणालीमा उल्लेख्य लगानी गरिएको छ । वर्षाका बेला मात्रै केही बिजुली खेर गए पनि पूर्ण रूपमा हिउँदको समयमा अझै आयात गर्नुपर्ने भएकाले क्रमशः बिजुलीको महसुल न्यून गर्दै लगिने कार्यकारी निर्देशक घिसिङको भनाइ थियो ।

**झुपडीमा बस्नेले पनि सहज बिजुली पाउन**

उपभोक्ता अधिकारीकर्मी सुवर्णप्रभा गुरागाईंले झुपडीमा बस्नेले पनि सहज रूपमा बिजुलीको सुविधा लिन पाउने गरी महसुल निर्धारण हुनुपर्ने बताउनुभयो । उहाँले रु ९५ अर्ब बराबरको खाना पकाउने ग्यासका लागि नेपाली मुद्रा विदेशिने गरेको भन्दै त्यसलाई रोक्न इन्डक्सन चुलो प्रयोग गर्न सक्ने गरी महसुल निर्धारण हुनुपर्नेमा जोड दिनुभयो ।

खानेपानी तथा सरसफाइ उपभोक्ता महासङ्घका प्रतिनिधि राजेन्द्र अर्यालले खानेपानीमा डिमाण्ड शुल्क गत वर्षदेखि नै घटेको तथ्य पेश गर्दै चालू आवको बजेटमार्फत खानेपानीमा महसुल नलाग्ने भनिए पनि प्राधिकरणले महसुल प्रस्ताव गरेको गुनासो गर्नुभयो ।

उपभोक्ता अधिकारकर्मी ज्योति बानियाँले झण्डै आर्बौं बराबरको खाना पकाउने ग्यास आयात भइरहेको सन्दर्भमा त्यसलाई कम गर्न प्रतियुनिट आठ रुपैयाँदेखि आठ रूपैया ५० पैसा कायम हुनुपर्ने बताउनुभयो । उहाँले गार्हस्थ्य उपभोक्ताप्रति प्राधिकरण अनुदार हुन नहुने उल्लेख गर्दै सेवा शुल्क लिन नपाउने व्यवस्था गर्न आयोगका पदाधिकारीको ध्यानकर्षण गराउनुभयो ।

राष्ट्रिय सिँचाइ उपभोक्ता महासङ्घका प्रतिनिधि शम्भुप्रसाद दुलालले सिँचाइका लागि ५८ प्रतिशत महसुल घटेकोमा प्राधिकरणलाई धन्यवाद दिँदै आगामी वर्षदेखि थप कम महसुल लाग्ने व्यवस्था गर्न माग गर्नुभयो ।

**डिमाण्ड शुल्कले मार पर्छ**

उद्योगी तथा व्यवसायीले प्राधिकरणले प्रस्ताव गरेको महसुलमा प्रति केभीए रु १०० बराबरको महसुल बढाइएकामा आपत्ति जनाए । ऊर्जा उद्यमी ज्ञानेन्द्रलाल प्रधानले औद्योगिक क्षेत्रका ग्राहकलाई बढाइएको डिमाण्ड शुल्क आफुहरूलाई मान्य नभएको बतानुभयो । उहाँले भन्नुभयो,“औद्योगिक र व्यापारिक क्षेत्रको डिमाण्ड शुल्क बढाउने कुरा सौतेले व्यवहार जस्तै भयो ।”

देशभर कूल एक लाख ८० हजार गिगावाट घन्टा बराबरको ऊर्जा माग भए पनि प्राधिकरणले सात हजार २०० गिगावाट मात्रै उपलब्ध गराएको तर्क गर्दै उहाँले मागभन्दा असाध्यै न्यून ऊर्जा उपलब्ध भएको अवस्थामा ऊर्जा खेर जाला भनेर गरिएको चिन्तासमेत व्यर्थ रहेको बताउनुभयो । प्राधिकरणले रू ७१ अर्ब बराबरको बिजुली बिक्री गर्दा रू ३५ अर्बको बिजुली उद्योगी व्यवसायीले नै खपत गरेको उहाँको भनाइ थियो । प्राधिकरणले ९२ हजार व्यवसायीलाई बिजुली उपलब्ध गराउछ ।

नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष रामचन्द्र साङ्घाइले डिमाण्ड शुल्क आफूहरूलाई मान्य नभएको बताउनुभयो । उहाँले कोरोनाले समस्यामा पारेको उद्योगलाई राहत दिनुपर्नेमा शुल्क बढे थप मर्कापर्ने बताउनुभयो ।

यस्तै, महासङ्घका पूर्व अध्यक्ष पशुपति मुरारकाले पनि डिमाण्ड शुल्कले आफूहरूलाई मारपर्ने गुनासो गर्नुभयो । नेपाल उद्योग परिसङ्घका पूर्व अध्यक्ष सतिकुमार मोरले पनि डिमाण्ड शुल्कले उद्योगीलाई थप मारपर्ने बताउनुभयो । व्यवसायी उज्जवलजंग शाहले प्राधिकरणबाट बिजुली लिएर मल सञ्चालकले व्यवसायीलाई मर्कामा पारेको भन्दै आफूहरूले प्रतियुनिट रु ४० सम्म तिर्नुपर्ने अवस्था आएको बताउनुभयो ।

सामुदायिक खानेपानी बाहेक व्यावसायिकरूपमा खानेपानी उद्योग सञ्चालन गरेको अवस्थामा प्रतिकेभीए रु १६० डिमाण्ड शुल्क लाग्छ । अस्थायी कनेक्सनमा गैर ग्राहस्थ र मनोरञ्जन व्यवसायीले रु ३५० डिमाण्ड शुल्क लाग्छ । माथिल्लो भोल्टेजमा १३२ केभी क्षमताको लाइनबाट बिजुली लिनेले प्रतिकेभीए रु २३० डिमाण्ड शुल्क तिर्नुपर्छ । यसमा कुनै थप प्रस्ताव गरिएको छैन ।

त्यस्तै ६६ केभीका औद्योगिक ग्राहकले प्रतिकेभी रु २४० डिमाण्ड शुल्क तिर्नुपर्छ । यो व्यवस्था पनि अघिल्लो सालको जस्तै यथावत् छ । मझौला भोल्टेजमा ३३ केभीतर्फ पनि औद्योगिक ग्राहकको फरक-फरक डिमाण्ड शुल्क रहेको छ । सामुदायिक बाहेक अन्य खानेपानी उद्योगीले रु १६०, यातायाततर्फ सार्वजनिक यातायातका लागि स्थापना हुने चार्जिङ स्टेशनका लागि प्रति केभीए रु २३० डिमाण्ड शुल्क तिर्नुपर्छ ।

माथिल्लो भोल्टेजतर्फ १३२ केभी औद्योगिक ग्राहकका लागि हाल प्रतिकेभीए डिमाण्ड शुल्क रु २३० छ । प्रस्तावित महसुलमा डिमाण्ड शुल्क रु ३३० तोकिएको छ । तर राति ११ बजेपछि बिहान ५ बजेसम्म बिजुली लिनेले प्रति युनिट चार रुपैयाँ मात्रै तोकिएको छ । यसअघि चार रुपैयाँ ६५ पैसा रहेको थियो । डिमाण्ड शुल्कमा १०० रुपैयाँ बढाइएको भए पनि रातको समयमा सस्तो मूल्यमा बिजुली उपलब्ध गराइने भएकाले फरक नपर्ने प्राधिकरणको दाबी छ ।

प्रस्ताव अनुसार ६६ केभीका औद्योगिक ग्राहकले यसअघिसम्म डिमाण्ड शुल्क प्रतिकेभीए रु २४० तिर्दै आएकामा अब भने रु ३४० तिर्नुपर्ने प्रस्ताव गरिएको छ ।

मझौला भोल्टेजको ३३ केभी फिडरका ग्राहकले यसअघि रु २५० डिमाण्ड शुल्क तिर्दै आएकामा अब भने रु ३५० तिर्नुपर्नेछ । व्यापारिकतर्फ रु ३१५ र गैर व्यापारिकका ग्राहकले रु २४० डिमाण्ड शुल्क तिर्नुपर्छ । यसमा कुनै थप गरिएको छैन ।

पुसदेखि चैतसम्म सुक्खा मौसममा माथिल्लो भोल्टेज १३२ केभीमा हाल रु २३० डिमाण्ड शुल्क रहेकामा प्रस्तावित महसुलमा भने रु ३३० तोकिएको छ । यसैगरी ६६ केभीतर्फ प्रतिकेभीए रु २४० डिमाण्ड शुल्क रहेकामा प्रस्तावित महसुलमा भने रु ३४० प्रस्ताव गरिएको छ ।

सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासङ्घका अध्यक्ष नारायण ज्ञवालीले प्राधिकरणले प्रस्ताव गरेको महसुल कार्यान्वयन गर्न नसक्ने बताउनुभयो । प्राविधिक चुहावट र सञ्चालन गर्नसक्ने गरी महसुल दर तय हुनुपर्ने उहाँको भनाइ थियो । अस्पताल तथा सामाजिक सङ्घ संस्थाको महसुलसमेत न्यून हुनुपर्नेमा जोड दिइएको थियो ।




# ‘सङ्घीयताको मूल्याङ्कन होइन, कमजोरीको समीक्षा गरौँ’

काठमाडौँ, १४ असोज (रासस) ।

सङ्घीयता कार्यान्वयनमा प्रवेश गरेको भर्खर चार वर्ष मात्र भएकाले कमी-कमजोरीको सामान्य समीक्षाबाहेक अहिले नै सङ्घीयताको मूल्याङ्कन नगर्न सुझाव दिइएको छ ।

सङ्घीयता कार्यान्वयन गर्ने मुख्य जिम्मेवारीमा रहेका तीन तहकै सरकारका पदाधिकारीको पहिलो कार्यकाल उत्तरार्द्धमा प्रवेश गरिसकेकाले यसबीचमा भएका काम र देखिएका कमजोरी हटाउन बहस र समीक्षाको भने आवश्यकता औँल्याइएको छ ।

नेपाल कानुन समाजले बिहीबार यहाँ आयोजना गरेको ‘वित्तीय सङ्घीयता कार्यान्वयनको अवस्था’ विषयक अन्तर्क्रियामा अर्थ समितिका सभापति कृष्णप्रसाद दाहालले लामो सङ्घर्ष र बलिदानको उपलब्धिका रूपमा प्राप्त लोकतन्त्र र सङ्घीयतालाई दीर्घजीवी र बलियो बनाउने सवालमा पुनरावलोकन र समीक्षा खाँचो रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “सङ्घीयतामा प्रवेश गर्नुअघि स्थानीय तहको आर्थिक अवस्था कस्तो थियो त्यो हेरिनुपर्छ, तीन तहकै सरकारले कर्तव्यअनुरुप जिम्मेवारीपूर्वक काम गर्नुपर्छ । असन्तोष हुनुपर्ने अवस्था छैन । सबै पक्ष समस्या केन्द्रित होइन, समाधान केन्द्रित हुन आवश्यक छ ।”

सभापति दाहालले सङ्घीयता कार्यान्वयनको चरणमा देखिएका कमजोरी घटाउँदै कानुनी, नीतिगत, कार्यशैलीगत सुधारमा जोड दिनुभयो । सङ्घीयता कार्यान्वयनको चरणमा रहँदा संविधानले परिकल्पना गरेका सङ्घ, प्रदेश र स्थानीय तहका अधिकार क्षेत्रलाई बुझेर सहकार्य एवं समन्वयका आधारमा वित्तीय सङ्घीयतालाई प्रभावकारी बनाउन वक्ताले सुझाव दिनुभयो ।

प्रदेश सरकारका पूर्वमन्त्री विमला केसीले सङ्घीयतालाई कुन प्रणाली र ढाँचामा लैजाने भन्नेमा विज्ञको सल्लाहभन्दा नेताको निर्णय हाबी भएको तथा सङ्घीय सरकार संविधानको मर्म र भावनाअनुरुप नचलेका कारण अनेक प्रश्न उब्जिएको धारणा राख्नुभयो ।

पूर्वमुख्य सचिव सोमलाल सुवेदीले नेपालमा वित्तीय सङ्घीयताको वर्तमान अवस्था विषयक कार्यपत्र प्रस्तुत गर्दै सङ्घीयताको अभ्यास गरेका मुलुकमा प्रदेश र स्थानीय तहले स्रोत प्राप्त र उपयोग गर्ने सिलसिलामा वित्तीय सङ्घीयता आत्माका रूपमा रहने प्रतिक्रिया दिनुभयो ।

उहाँले भन्नुभयो, “सङ्घले संविधानअनुसार सहजीकरण भएको छ वा छैन भनेर मूल्याङ्कन गर्न जरुरी छ, संसदीय समितिले यस्ता कुरा बुझ्नुपर्छ, राजनीतिक संस्कार, लोकतान्त्रिकरण र जवाफदेही अत्यन्त आवश्यक छ, सफलता पाउन नियन्त्रण, सन्तुलन र राजनीतिक चरित्र रुपान्तरण हुनुपर्छ ।”

**वित्तीय सम्बन्ध रुमलिएको छ**

वित्त आयोग अध्यक्ष वालानन्द पौडेलले सरल सात प्रश्नका जटिल उत्तर भनिएझैँ अन्तर सरकार वित्तीय सम्बन्ध रुमलिएको अवस्थामा रहेको बताउनुभयो । उहाँले भन्नुभयो, “वित्तीय सङ्घीयता र अनुदानबारे थप प्रष्ट पार्दै जानुपरेको छ, खर्चको आवश्यकता यकिन भएको छ, प्रदेश र स्थानीय तहको कामबारे अझै स्पष्टता बाँकी छ, अब कामको परिणाम, प्राथमिकीकरण, गुणस्तर र साझा स्पष्ट लक्ष्य निर्धारण गरेर अघि बढ्नुपर्ने आवश्यक छ ।”

तीन तहका सरकारले राज्यशक्तिको अभ्यास, सहकार्य, समन्वय र पारदर्शीता आधारमा अघि बढाउने सिलसिलामा कति, कतै पनि च्यूत नहुन र संविधानको मूल मर्मको सम्मान गर्न वक्ताहरूले सुझाव दिनुभयो । सुदुरपश्चिम प्रदेशका कानुनमन्त्री पूर्णा जोशीले सङ्घीयता कार्यान्वय गर्ने सन्दर्भमा दृढ इच्छाशक्ति र अग्लो कदको नेतृत्वको खडेरीका कारण जनताका रोजाइ र आवश्यकताभन्दा अनुकम्पाबाट आयोजना प्राप्त गर्ने प्रवृत्ति मौलाइरहेको टिप्पणी गर्नुभयो ।

उहाँले भन्नुभयो, “कानुन, कर्मचारी र साधन स्रोतको अभावमा पनि प्रदेश र स्थानीय तहबाट जनहितमा जति काम भएको छ, त्यो गौरव गर्न लायक छ, अहिले नै सङ्घीयताबारे मूल्याङ्कन गर्ने बेला भएको छैन । कामको भने समीक्षा गर्न सकिन्छ ।”

प्रदेशसभा सदस्य दामा शर्माले सङ्घीयताको मर्मविपरीत हरेक विषयमा पनि केन्द्रले नियन्त्रण गर्ने परिपाटी अन्त्य गर्दै तीन तह सरकारबीचको सम्बन्ध, सहकार्य र समन्वय अझ बलियो बनाउन आवश्यक रहेको विचार व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, “वित्तीय सङ्घीयता कार्यान्वयनमा केही समस्या भए पनि सहजरूपमै अघि बढेको छ ।”

पूर्वमन्त्री लालबाबु पण्डितले प्रशासनिक सङ्घीयता पूर्णरूपमा कार्यान्वयन नभएसम्म सङ्घीयताले गति लिन नसक्ने भएकाले पहिलो प्राथमिकता यस क्षेत्रलाई दिनुपर्ने सुझाव राख्नुभयो । प्रदेश उपसभामुख पुष्पा घर्तीले सङ्घीयताले नागरिकमा चहलपहल र उत्साह थपेको भए तापनि समन्वय, सहकार्य र सहअस्तित्वको पक्षलाई भने कसैले आत्मसात गरेको पाइन्न भन्नुभयो ।

लुम्बिनी प्रदेशका पूर्वअर्थमन्त्री वैजनाथ चौधरीले जुनसुकै सरकारको फेरबदल भए पनि राज्यले प्राथमिकता निर्धारण गरेर अघि बढाएका विकास निर्माणका आयोजनालाई रोक्ने काम गर्न नहुने धारणा व्यक्त गर्नुभयो । प्रतिनिधिसभा सदस्य सत्या पहाडीले मुलुक सङ्घीयताको सफल कार्यान्वयनमा अघि बढिसके पनि कतिपय राजनीति नेतृत्वमा सङ्घीयताप्रति साझा बुझाइ र धारणामा बन्न नसकेको भनी आलोचना गर्नुभयो ।

उहाँले भन्नुभयो, “आर्थिक सम्भव्यताबिना राजनीतिक आधार बाँडफाँटको कुनै अर्थ रहन्न । अझै पनि कतिपय प्रदेशको मुकाम र स्थानीय तहको केन्द्र तोकिनसकेको अवस्थामा अहिले नै सङ्घीयताको मूल्याङ्कन गर्ने भइसकेको छैन ।”

**सङ्घीयता वामे सर्दै ठिक गन्तव्यमा....**

प्रतिनिधिसभा सदस्य राजबहादुर बुढा क्षेत्रीले सङ्घीयता अभ्यासका हिसाबले हामी भर्खर चार वर्षमा वामे सर्दै गरेको भए तापनि सकारात्मक नै ढङ्गबाटै गन्तव्यमा हिँडिरहेको प्रतिक्रिया दिनुभयो ।

उहाँले भन्नुभयो, “स्थानीय तहलाई पठाइने गरेको दुरुपयोग हुनसक्ने दोहोरोपनका अनुदान घटाउनुपर्छ, कमी कमजोरी सुधार प्रतिवेदन वैज्ञानिक हुनुपर्छ, स्थानीय सरकारले राजश्व परिचालनको क्षमता बढाउनुपर्छ ।” सङ्घले प्रदेशलाई, प्रदेशले स्थानीय तहलाई बेवास्ता गर्ने अनि स्थानीय तहले प्रदेश र प्रदेशले सङ्घलाई नटर्ने प्रवृत्तिले सङ्घीयता र लोकतन्त्र सुदृढीकरणमा योगदान दिन नसक्ने वक्ताको टिप्पणी छ ।

गाउँपालिका महासङ्घका महासचिव वंशलाल तामाङले राजनीतिक, प्रशासनिक र वित्तीय सङ्घीयताबीचको सहकार्य, समन्वय र सहयोगले मात्र समृद्ध मुलुक निर्माणमा योगदान पुग्ने धारणा राख्नुभयो । प्रतिनिधिसभा, अर्थ समितिका सचिव सुरेन्द्र अर्यालले सङ्घीयताको मुटु र रक्तसञ्चारका रूपमा रहेको वित्तीय सङ्घीयता कार्यान्वयनको अवस्थाले सङ्घीयताको हालसम्मको उपलब्धिको मापन हुने भएकाले तादम्यता मिलाएर अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, “तीन तहकै पदाधकारी पहिलो कार्यकालको उत्तरार्द्धमा हुनुहुन्छ, हालसम्म गरिएका कामको मूल्याङ्कन गर्ने बेला नभए पनि सयम-समयमा समीक्षा भने हुनुपर्छ । कमी-कमजोरीलाई हटाएर गन्तव्यलाई समृद्ध बनाएर लैजानुपर्छ ।” नेपाल कानुन समाजका कार्यकारी निर्देशक कृष्णमान प्रधानले वित्तीय सङ्घीयता कार्यान्वयनलाई प्रभावकारी तुल्याउँदै उठेको प्रश्नलाई सम्बोधन गर्न आवश्यक भएको सुझाव दिनुभयो ।


राष्ट्रिय जनगणना २०७८

आम समुदायमा अपिल

यही २०७८ साल भाद्र ३० देखि आश्विन १८ गते सम्म (बीस दिन) प्रत्येक घर तथा घरपरिवारमा राष्ट्रिय जनगणना २०७८ को लागि घर तथा घरपरिवार सूचीकरण कार्य गर्न सुपरिवेक्षकहरु आउँदैछन् । उनीहरुलाई आफ्नो सही विवरण दिई आफ्नो घर तथा घरपरिवार सूचीकृत भएको सुनिश्चत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड







## विश्व समाचार

### कारागारमा कैदीहरुबीच भएको झडपमा २४ को मृत्यु, ४२ घाइते

क्वीटो, १४ असोज (रासस/सिन्ह्वा) ।

इक्वेडरको एक कारागारमा भएको झडपमा परेर मृत्यु हुने कैदीको सङ्ख्या कम्तीमा पनि ३० पुगेको छ । बुधबार यहाँका कैदीमध्ये ३० जनाको मृत्यु भएको बताइएको छ । यसअघि २४ जनाको मृत्यु भएको र अरु ४२ घाइते भएका बताइएको थियो ।

मङ्गलबार भएको सो झडपमा परेर मृत्यु हुनेको सङ्ख्या बुधबार ३० पुगेको र घाइते ५२ पुगेको बताइएको छ । यहाँको कारागारमा राखिएका कैदीबीच भएको झडपमा परेर उनीहरु मारिएका हुन् । उनीहरुबीच भएको झडपका क्रममा धेरै जना घाइते भएका बताइएको छ ।

घाइतेमध्ये धेरैको अवस्था गम्भीर रहेको प्रहरीले जानकारी दिएको छ । मङ्गलबार यहाँको समुन्द्री तटीय नगर गाकुइलमा रहेको जेलमा सो झडप भएको थियो ।

यहाँको राष्ट्रिय प्रहरीले ती कैदीबीच आपसी झगडाका कारण यस्तो झडप हुन पुगेको बताएको छ । इक्वेडरका कारागारमा समयसमयमा यस्तो झडप हुने गरेको छ । गएको फेब्रुअरी महिनामा पनि यहाँका तीन कारागारमा झडप भएको थियो र त्यसमा परेर ७९ को ज्यान गएको बताइएको थियो ।

### हवाई उडान सुचारु गर्न भारतलाई तालिबान सरकारको आग्रह

नयाँदिल्ली, १४ असोज (रासस/सिन्ह्वा) ।

अफगानिस्तानको तालिबान सरकारले अफगानिस्तान र भारतबीचमा भइआएको हवाई उडानलाई सुचारु गर्न भारत सरकारसँग आग्रह गरेको छ ।

तालिबान सरकारका एकजना अधिकारीले भारत सरकारलाई पत्र लेखेर यसअघिका सबै खालका हवाई उडान सुचारु गरिदिन आग्रह गरेका हुन् ।

यसअघि भारतले अफगानिस्तानमा उडान गर्दै आएको थियो । तर अफगानिस्तानको सरकार अपदस्थ गरेर तालिबानले सत्ता हत्याएपछि गएको अगष्ट १५ पछि भारतले ती सबै उडान बन्द गरेको थियो ।

तालिबानले अफगानिस्तानको सत्ता कब्जा गरेपछि अरु देशले पनि यसरी हवाई उडान रोकेका थिए । तर पाकिस्तानले भने केही दिन अघिदेखि इस्लामावाद काबुल उडानलाई पुनःसञ्चालनमा ल्याएको छ । भारतजस्तै अरु कतिपय देशले अहिले पनि उडान पुनःसञ्चालनमा ल्याएका छैनन् ।

### रुसी र अमेरिकी कूटनीतिज्ञबीच जेनेभामा गोप्य वार्ता

जेनेभा, १४ असोज (रासस/एएफपी) ।

रुसी र अमेरिकी कूटनीतिज्ञले बिहीबार जेनेभामा गोप्य वार्ता गरेका छन् ।

अमेरिकाका राष्ट्रपति जो बाइडेन र रुसी समकक्षी भ्लादिमिर पुटिनबीचमा जुनको शिखर सम्मेलनको वार्तापछि विश्वका आणविक शक्तिराष्ट्रबीचको यो पछिल्लो चरणको छलफल हो ।

अमेरिकी विदेश विभागका भेन्डी शर्मन र रूसको उपविदेश मन्त्री सर्गेई र्याबकोभबीच नियमित भेटघाट र वार्ताको अपेक्षा गरिएको थियो ।

संयुक्त राष्ट्रसङ्घका लागि रुसको मिसनका एक सदस्यका अनुसार वार्ता अन्तरराष्ट्रिय समय बिहान १०:०० को आसपास शुरू भएको थियो ।

विदेश विभागको निशस्त्रीकरण प्रमुख बोनी जेनकिन्सका अनुसार वासिङ्टनटनले जेनेभामा हुने वार्ताबाट ठोस कदम चाल्ने अपेक्षा गरेको छ र यो वार्ता त्यसका लागि महत्त्वपूर्ण हुने बताएका छन् ।

स्विस समाचार एजेन्सी एटीएसले उक्त छलफलले निशस्त्रीकरणका अतिरिक्त दुबै पक्षले नयाँ प्रविधि, अन्तरिक्ष र कृत्रिम बुद्धिमत्ताको बारेमा छलफल गर्ने अपेक्षा गरिएको छ ।

रूसको संयुक्त राष्ट्रसङ्घ मिसनमा बिहीबार आयोजित वार्ता जुलाई को अन्त्यमा अमेरिकाद्वारा आयोजित हातहतियार नियन्त्रणमा केन्द्रित वार्तापछि भएको हो ।

गत जुन १६ को शिखर सम्मेलनमा अमेरिकी राष्ट्रपति बाइडेन र रुसी समकक्षी पुटिनले उक्त छलफल केही मतभेदबीच पनि महत्त्वपूर्ण रहेको बताएका थिए । तत्कालीन शीतयुद्धको चरम अवस्थामा पनि मस्को र वाशिंगटन द्वन्द्व चर्किन नदिन निरन्तर सम्पर्कमा थिए ।

# बैंक अफ काठमाण्डूद्वारा स्वास्थ्य चौकी सखडालाई स्वास्थ्य सामग्री हस्तान्तरण




**दैनिक समाचारदाता राजविराज, १४ असोज ।**

बैंक अफ काठमाण्डू लिमिटेड छिन्नमस्ता शाखाले सप्तरीको छिन्नमस्ता गाँउपालिकास्थित स्वास्थ्य चौकी सखडालाई बुधबार एक कार्यक्रबीच विभिन्न स्वास्थ्य सामाग्रिहरु हस्तान्तरण गरेको छ ।

कोभिड १९ महामारीमा अग्रमोर्चामा रहेर काम गर्ने स्वास्थ्यकर्मीका लागि बैंकले सो गाउँपालिका वडा नं. ३ मा रहेको स्वास्थ्य चौकी सखडालाई उक्त स्वास्थ्य सामग्री हस्तान्तरण गरेको हो ।

बैंकले स्वास्थ्य चौकी सखडालाई ७५ थान पीपीई, ७५ प्याकेट मास्क, ७५ प्याकेट ग्लोब्स र २० लिटर सेनिटाइजर प्रदान गरिएको शाखा प्रमुख विनेश कुमार श्रेष्ठले जानकारी दिएका छन् ।

कोभिड महामारी नियन्त्रण अभियानमा सहयोग पुग्ने उद्देश्यले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत स्वास्थ्य सामाग्री वितरण गरिएको शाखा प्रमुख श्रेष्ठले बताए ।

गाउँपालिका वडा नं. ३ का अध्यक्ष दिपेन्द्र कुमार यादवको अध्यक्षतामा आयोजित स्वास्थ्य सामाग्रि हस्तान्तरण कार्यक्रममा छिन्नमस्ता गाउँपालिका स्वास्थ्य संयोजक मदनेश्वर प्रसाद चौधरी थारु, स्वास्थ्य चौकी सखडाका प्रमुख अजयकुमार झा, बैंक अफ काठमाण्डू लिमिटेड छिन्नमस्ता शाखाका कर्मचारी अनिमेश झा र रन्जन कामतलगायतको उपस्तिथि रहेको थियो ।

# तीन हप्तामा एकसय सापुका बिरामी

काठमाडौं, १४ असोज (रासस) ।

विगत तीन हप्तामा सापु रोगबाट एकसय बिरामी परेका छन् । सेतो पुतलीको सङ्क्रमबाट आँखामा लाग्ने रोगलाई सापु भन्ने गरिन्छ । ४६ वर्षयता यति छोटो अवधि पहिलो पटक यति धेरै बिरामी देखिएको जनाइएको छ ।

त्रिवि शिक्षण अस्पतालका वरिष्ठ नेत्ररोग विशेषज्ञ डा रञ्जु खरेलले अझै तीन महिना सापु रोगको जोखिम बढ्नसक्ने भएकोले सचेतना अपनाउन आग्रह गर्नुभयो । भदौदेखि मङ्सिरसम्म सो रोग देखिने गर्दछ ।

उहाँका अनुसार सापुबाट आँखाको भित्री भागलाई असर गर्नुको साथै आँखाको सबै पत्र द्रुतगतिमा सुनिन्छ र भित्रि भागमा पिप जम्दै जान्छ ।

नेपालमा सापु रोग विसं २०३२ मा पहिला पटक पोखराको एउटा विद्यालयमा देखिएको हो । रोग सबैभन्दा बढी बालबालिकामा देखिने गर्दछ । ३८ दिनको शिशुदेखि ८० वर्षका ज्येष्ठ नागरिकलाई पनि असर गर्ने गर्दछ । सहप्राध्यापक डा खरेल अनुसार प्रदेश १, वाग्मती र लुम्बिनी प्रदेशका मध्यपहाडी जिल्लामा सापुका बिरामी बढी देखिएका छन् ।

उहाँले सबै सेतो पुतली हानिकारक नभएको र कालो धर्सा तथा पुच्छरमा पहेँलो भएका सेतो पुतलीको काउसो वा झुस हुस हानिकारक हुने गरेको बताउनुभयो । अहिले पोखरामा प्रशस्त मात्रामा भित्ता, बत्तीमा सेता पुतली रहेका छन् । कतिपय अवस्थामा सेतो पुतलीको संसर्गमा नआएका मानिसमा पनि यो रोग देखा पर्न सक्ने जनाइएको छ ।

“पुतली बसेर उठिसकेको हुन्छ र त्यसले आफू बसेको ठाउँमा झुस, अण्डा र काउसो छाडेर गएको हुन्छ । हो त्यहींबाट सापु रोग देखिने गर्दछ ।” उहाँले भन्नुभयो । अचानक एउटा आँखा रातो हुनु, रातो आँखाको कालो नानीको बीचमा सेतो देखिने, आँखाभित्र पिप जमेर नानी सेतो हुनु, आखाँको ज्योति घट्दै जाने यस रोगका लक्षण हुन् ।

एउटा आँखा रातो भएका अवस्थामा तुरुन्तै नजिकैको आँखा उपचार केन्द्रमा परीक्षण गराउनु पर्ने उहाँको भनाइ छ । यस्तै सापुबाट आँखा सुकेर र कुरुप समेत हुने जनाइएको छ । सापु सम्भावित ठाउँमा चिप्रा नलाग्ने गरी एउटा मात्रा आँखा रातो भएका अवस्थामा सापु रोग लागेको शङ्का गर्नुपर्दछ । अहिले गण्डकी प्रदेशको हिमालय आँखा अस्पताल र लुम्बिनी प्रदेशको लुम्बिनी आँखा केन्द्रमा सापुका बिरामीले शचया भरिएका बताइएको छ ।

नेत्र रोग विशेषज्ञ डा खरेलका अनुसार सापु रोगका तीन अवस्था हुन्छन । पहिलो अवस्थामा आँखा रातो हुनु यसलाई सामान्य सापु भन्ने गरिन्छ र यस्तो अवस्थामा आँखालाई पहिल्यैकै अवस्थामा फर्काउन सकिन्छ । सामान्य अवस्थामा उपचार गर्न सकेनौं भने आँखामा पिप जम्न थाल्दछ । यसलाई मध्यम अवस्थाको सापु भनिन्छ । यस अवस्थाबाट पनि उपचार गरेनौं भने अति जटिल अवस्थामा सापुको बिरामी पुग्ने गर्दछन् ।

पहिलो अवस्थामा आँखाका थोपा दिएर उपचार सम्भव हुन्छ । मध्यम अवस्थामा आँखाभित्र सुई लगाउनुपर्ने अवस्था आउन सक्दछ । मध्यम अवस्थामा आँखाको दृष्टि फर्कने आश लागेको उहाँले जानकारीदिनुभयो । उहाँका अनुसार अति जटिल अवस्थामा आँखाको सबै पत्रमा पिप हुन्छ र जटिल शल्यक्रिया गरेर उपचार गर्नुपर्ने हुन्छ । उपचार पनि खर्चिलो र दृष्टि कति फर्कन्छ भन्नेमा निश्चित भने हुदैन ।

**रोकथाम**

-सेतो पुतलीको संसर्गबाट टाढा रहने

-बालबालिकालाई झाडीको वरपर खेल्न नदिऔं पुतली समाप्ने निधारमा दल्ने कामबाट परै राखौं ।

-राति सुत्दा बत्ती निभाएर सुतौं । बाल्नै परे मधुरो बालौं । सकेसम्म झ्याल ढोका बन्द गरौं । झुल लगाएर सुत्ने गरौं ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले सापु रोग बढी बालबालिकालाई लाग्ने गरेको बताउनुभयो ।





नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*